**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**लघुवित्त संस्था सुपरिवेक्षण विभाग**
**छनोट समितिको सचिवालय, बालुवाटार**

## दरखास्त आह्वान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८०/०१/२८**
**दोश्रो पटक प्रकाशित मिति : २०८०/०२/१९)**

समस्याग्रस्त सुपर लघुवित्त वित्तीय संस्था लिमिटेड, तुलसीपुर, दाङको व्यवस्थापन तथा सञ्चालनका लागि दुई जना व्यक्ति सम्मिलित व्यवस्थापन समूह गठन गर्ने सिलसिलामा देहायका पदहरू पूर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्य नेपाली नागरिकबाट मिति २०८०/०२/२५ गते कार्यालय समयभित्र दरखास्त फाराम पेश गर्न आह्वान गरिएको छ। दरखास्त पेश गर्दा आफूले प्राप्त गरेको शैक्षिक योग्यता, नागरिकताको प्रमाणपत्र (उमेर नखुलेको हकमा सो खुल्ने प्रमाणपत्र समेत), अनुभवका कागजात एवम् छनोट समितिले तोकेका अन्य कागजात संलग्न गर्नुपर्नेछ । म्यादभित्र दाखिला नभएको वा रीत नपुगी आएको दरखास्त उपर कुनै किसिमको कारबाही हुने छैन ।

| क्र.सं. | पद | आवश्यक पद संख्या | न्यूनतम शैक्षिक योग्यता तथा अनुभव |
|---|---|---|---|
| १ | संयोजक | १ | व्यवस्थापन, बैंकिङ, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, लेखा, गणित, व्यापार प्रशासन वा कानून विषयमा स्नातकोत्तर उपाधि हासिल गरी बैंकिङ क्षेत्रमा न्यूनतम १० (दश) वर्षको अनुभव प्राप्त गरेको व्यक्ति । |
| २ | सदस्य | १ | व्यवस्थापन, बैंकिङ, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, लेखाशास्त्र, तथ्याङ्कशास्त्र, लेखा, गणित, व्यापार प्रशासन वा कानून विषयमा स्नातक उपाधि हासिल गरी लेखा सम्बन्धी कार्यमा न्यूनतम १० (दश) वर्षको अनुभव प्राप्त गरेको वा चार्टर्ड एकाउण्टेन्सी (CA) पास गरी न्यूनतम ५ (पाँच) वर्षको कार्यानुभव प्राप्त गरेको व्यक्ति । |

१. सेवा अवधि: १ (एक) वर्ष (आवश्यकता तथा कार्य प्रगतिका आधारमा ६/६ महिनाका लागि दुई पटकसम्म सेवा अवधि नवीकरण गर्न सकिने) ।
२. दरखास्त दिने अन्तिम मितिमा उम्मेदवार ६५ वर्ष ननाघेको हुनु पर्नेछ ।
३. परीक्षाको किसिम : कार्ययोजना तथा सोको प्रस्तुतीकरण र अन्तर्वार्ता ।
४. दरखास्त स्वीकृत भएका उम्मेदवारको नामावली, कार्ययोजना प्रस्तुतीकरणको समयतालिका र अन्तर्वार्ताका लागि छनोट भएका उम्मेदवारको सूची तथा समयतालिका बैंकको वेबसाइटमा प्रकाशित गरिनेछ ।
५. पारिश्रमिक तथा अन्य सुविधाहरू : संयोजकको लागि रु.१,२५,०००।- (अक्षरेपि एक लाख पच्चीस हजार मात्र) तथा सदस्यको लागि रु.१,०५,०००।-(अक्षरेपि एक लाख पाँच हजार मात्र) मासिक पारिश्रमिक (नियमानुसारको कर सहित) प्रदान गरिने छ । दशैं खर्च वापत एक महिनाको पारिश्रमिक बराबरको रकम प्रदान गरिनेछ । सो बाहेक अन्य कुनै प्रकारको भत्ता प्रदान गरिने छैन ।
६. काम गर्नुपर्ने कार्यालय : सुपर लघुवित्त वित्तीय संस्था लिमिटेड, तुलसीपुर, दाङ ।
७. दरखास्त फाराम छनौट समितिको सचिवालयमा पेश गर्नु पर्नेछ ।
८. दरखास्त पेश गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा पर्न गएमा सोको पछि कार्यालय खुलेको दिन कार्यालय समयभित्र दरखास्त पेश गर्न सकिनेछ ।
९. दरखास्त फाराम र सोका साथ पेश गर्नुपर्ने विवरण, व्यावसायिक कार्ययोजनाको ढाँचा तथा कार्यादेश सम्बन्धी जानकारी छनोट समितिको सचिवालयबाट उपलब्ध हुनेछ ।

**(सदस्य सचिव)**
**छनोट समिति**

अनुसूची - २

**नेपाल राष्ट्र बैंक**
**लघुवित्त संस्था सुपरिवेक्षण विभाग**
**छनोट समितिको सचिवालय**

**समस्याग्रस्त सुपर लघुवित्त वित्तीय संस्था लिमिटेड, तुलसीपुर, दाङको व्यवस्थापन तथा सञ्चालनका लागि संयोजक/सदस्य पदको दरखास्त फाराम**

दरखास्त पेश गरेको पद :- ................................ मिति :- २०८०/...../.....

(उम्मेदवारको विवरण)

| | | | | |
|---|---|---|---|---|
| १ | नाम/थर :- | | | |
| | क. देवनागरी लिपी | | | |
| | ख. In English | | | |
| २ | ठेगाना :- | | | |
| | क. स्थायी | | | |
| | ख. अस्थायी | | | |
| ३ | मोबाइल नं. | | | |
| ४ | नागरिकता नं. | | | |
| ५ | नागरिकता लिएको स्थान र जारी मिति | | | |
| ६ | शैक्षिक योग्यता | विश्वविद्यालय/परीक्षा बोर्ड | प्राप्ताङ्क प्रतिशत | उत्तीर्ण साल |
| | क. ................. | | | |
| | ख. ................. | | | |
| | ग. .................. | | | |
| | घ. .................. | | | |
| | ङ. .................. | | | |
| ७ | अनुभव | | | |
| ८ | तालिम | | | |
| ९ | अन्य | | | |

.........
(उम्मेदवारको दस्तखत)

अनुसूची-३

**समस्याग्रस्त सुपर लघुवित्त वित्तीय संस्था लिमिटेड, तुलसीपुर, दाङको व्यवस्थापन तथा सञ्चालनका लागि संयोजक/सदस्य पदको**

## स्वःघोषणा फाराम

| क्र.सं. | व्यहोरा | भएको/रहेको | नभएको/नरहेको |
|---|---|---|---|
| (क) | कुनै पनि राजनीतिक दलको सदस्य भए/नभएको | | |
| (ख) | सुपर लघुवित्त वित्तीय संस्था लिमिटेड, तुलसीपुर, दाङ्गको ठेक्का पट्टा वा कुनै चल अचल सम्पत्ति कारोबारमा आफैं वा आफ्नो परिवारका कुनै सदस्यको संलग्नता भए/नभएको वा उक्त संस्थासँग निजी स्वार्थ भए/नभएको | | |
| (ग) | आफ्नो नाममा व्यक्तिगत बेरुजु बाँकी रहे/नरहेको | | |
| (घ) | भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, बैंकिङ कसुर वा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर भए/नभएको | | |
| (ङ) | टाट पल्टे/नपल्टेको वा बेइमानी वा जालसाजीको आरोपमा सजाय पाए/नपाएको एवम् दामासाहीमा परे/नपरेको | | |
| (च) | प्रचलित कानुन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा परे/नपरेको | | |
| (छ) | विदेशी मुलुकको स्थायी बसोबासको अनुमति प्राप्त गरे/नगरेको | | |
| (ज) | नियामक निकायबाट कार्यकारी प्रमुख हुन अयोग्य भनी तोकिएको अवस्था भए/नभएको | | |
| (झ) | बैंकको सेवा वा नेपाल सरकारको सेवा वा संस्थाको सेवा वा कुनै संगठित संस्थाको सेवाबाट भविष्यमा अयोग्य ठहरिने गरी बर्खास्त भए/नभएको । | | |

........................

(उम्मेदवारको दस्तखत)

## अन्य जानकारीमूलक विवरणहरू

१. **दरखास्तसाथ पेश गर्नुपर्ने कागजात तथा विवरण :** दरखास्तसाथ छनौट समितिको सचिवालयमा पेश गर्नुपर्ने कागजात तथा विवरण देहाय बमोजिम हुनेछ :-

(क) नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, तालिम तथा कार्यानुभवको कागजातका प्रतिलिपिहरू (उम्मेदवार स्वयम्‌ले प्रमाणित गरेको),

(ख) विस्तृत वैयक्तिक विवरण (Bio-Data) (उम्मेदवार स्वयम्‌ले प्रमाणित गरेको),

(ग) चार हजार शब्दमा नबढ्ने गरी तयार गरिएको संस्था सुधार सहितको व्यावसायिक कार्ययोजना,

(घ) उम्मेदवार कुनै निकाय वा संस्थामा कार्यरत भए दरखास्त साथ आवेदन गर्ने पदको प्रतियोगितामा सहभागी हुन सेवारत निकायको सहमति पत्र,

(ङ) अनुसूची ३ मा उल्लेख भएबमोजिमको स्वःघोषणा ।

२. **व्यावसायिक कार्ययोजना सम्बन्धमा :** (१) संयोजक र सदस्य दुवै पदको उम्मेदवारले दरखास्त साथ पेश गर्ने कार्ययोजनामा देहायका विषय समावेश हुनु पर्नेछ :-

(क) संस्थाको बारेमा जानकारी,

(ख) संस्थाको विद्यमान अवस्था, समस्याको पहिचान तथा विश्लेषण,

(ग) संस्थाको सवल पक्ष, दुर्वल पक्ष एवम् अवसर र चुनौतीको विश्लेषण (SWOT Analysis),

(घ) रणनीतिक सुधार गर्नुपर्ने क्षेत्रहरूको विश्लेषण (Analysis of Major Areas for Strategic Reform),

(ङ) समस्याग्रस्त संस्था सुधार, संस्थाको जोखिम व्यवस्थापनका साथै सेवा विस्तार र क्षमता अभिवृद्धि, संस्थागत सुधार एवम् सुशासन, मानव संशाधन व्यवस्थापन, वित्तीय व्यवस्थापन, व्यावसायिकता, अनुगमन, मूल्याङ्कनको लागि आवश्यक कदमसमेत समावेश भएको समय-सारिणी (Time Bound) सहितको व्यावसायिक कार्ययोजना ।

(२) व्यावसायिक कार्ययोजना नेपाली (Preeti Font) वा अंग्रेजी (Times New Roman Font) भाषा मध्ये कुनै एक भाषामा A4 Size को कागजमा तयार पार्नु पर्नेछ । अंग्रेजी भाषामा तयार पारिएको व्यावसायिक कार्ययोजनाको मूल शीर्षक १६ प्वाइण्ट बोल्डमा, उपशीर्षक १४ प्वाइण्ट बोल्डमा र अन्तर्वस्तु (Text) १२ प्वाइण्ट नर्मलमा तथा नेपाली भाषामा तयार गरिएको व्यावसायिक कार्ययोजनाको मूल शीर्षक १८ प्वाइण्ट बोल्डमा, उपशीर्षक १६ प्वाइण्ट बोल्डमा र अन्तर्वस्तु १६ प्वाइण्ट नर्मलमा हुनु पर्नेछ ।

(३) प्रस्तुतीकरणका लागि ४० (चालीस) मिनेट समय प्रदान गरिनेछ ।

३. **व्यवस्थापन समूहका संयोजक /सदस्यको लागि नियुक्तिपश्चात् जारी हुने नमुना कार्यादेश :-**

क) नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६घ को उपदफा (३) को व्यवस्था बमोजिम संस्थाको दैनिक कार्य सञ्चालनलगायत व्यवस्थापन, सञ्चालक समिति, प्रचलित कानून, संस्थाको प्रबन्धपत्र तथा नियमावलीले प्रदान गरेको सम्पूर्ण अधिकार आवश्यकता अनुसार प्रयोग गर्ने तथा संस्थाको साधारण सभा वा विशेष साधारण सभाले गर्ने काम वा अन्य कुनै प्रकारले प्रयोग गर्न पाउने अधिकारको समेत प्रयोग गर्ने ।

ख) संस्थाको समग्र व्यवस्थापन तथा दैनिक प्रशासन सञ्चालनको जिम्मेवारी लिई नेपाल राष्ट्र बैंकको निर्देशन तथा प्रचलित कानून एवम् प्राप्त अख्तियारी भित्र रही संस्था सञ्चालन गर्ने ।

ग) कर्जा असुल गरी निक्षेपकर्ताको निक्षेप भुक्तानीलाई प्राथमिकता दिई कार्य गर्ने ।

घ) संस्थाको सम्पत्ति संरक्षण र हेरचाह गर्न आवश्यक देखिएका सबै कदमहरु चाल्ने ।

ङ) संस्थाविरुद्ध दर्ता भएका वा चलिरहेका मुद्धाउपर संस्थाको प्रतिरक्षा गर्ने, गराउने ।

च) संस्थालाई समस्याग्रस्त अवस्थाबाट नियमित वित्तीय संस्थामा परिणत गराउन आवश्यक कार्य गर्ने ।

छ) आफूलाई तोकिएको काम, कर्तव्य र अधिकारको कार्यान्वयनको स्थितिको बारेमा यस बैंकको लघुवित्त संस्था सुपरिवेक्षण विभागलाई नियमित रुपमा जानकारी गराउने ।

ज) संस्थाको मासिक प्रगति विवरण नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभागमा पेश गर्ने ।

## ४. संस्थाको २०७९ पुष तथा फागुनको वित्तीय अवस्था देहाय बमोजिम रहेको ।

***Amount in Rs. '000***

| S.N. | Indicators | 2079 Falgun | 2079 Poush |
|---|---|---|---|
| 1. | Paid Up Capital | 19,500.00 | 19,500.00 |
| 2. | Core Capital | -303,602.67 | -266,254.76 |
| 3. | Core Capital Percentage | -55.59% | -48.00% |
| 4. | Capital Fund | -303,602.67 | -266,254.76 |
| 5. | Capital Fund Percentage | -55.59% | -48.00% |
| 6. | Total Assets | 841,038.26 | 797,100.23 |
| 7. | Risk Weighted Assets | 546,109.63 | 554,657.07 |
| 8. | Total Loan | 526,923.66 | 536,528.88 |
| 9. | Total Borrowing | 429,452.61 | 429,452.61 |
| 10. | NPL Amount | 415,126.00 | 415,126.00 |
| 11. | NPL Percentage | 78.78% | 77.37% |
| 12. | Loan Loss Provision | 201,380.84 | 168,652.63 |
| 13. | Total Savings | **81,641.16** | **85,484.98** |
| | *13.1 Compulsory Savings* | *53,544.95* | *56,283.11* |
| | *13.2 Optional Savings* | *25,081.36* | *26,123.04* |
| | *13.3 Other Savings* | *3,014.85* | *3,078.84* |
| 14. | (Net Loss)/Profit | -208,477.82 | -171,129.91 |
| 15. | Cumulative Profit/Loss | -194,306.00 | -156,852.00 |
| 16. | Loan recovery after Management Takeover | 5,819.23 | NA |
| 17. | Deposit Payment after Management Takeover | 3,397.30 | NA |
| 18. | Interest Expenses | 35,676.94 | 28,374.16 |
| 19. | Interest Income | 9,335.51 | 7,953.62 |
| 20. | Office Expenses | 5,348.17 | 3,906.98 |
| 21. | Staff Expenses | 8,147.36 | 6,236.76 |
| 22. | No. of staffs | 53 | 55 |
| 23. | No. of branches | 24 | 30 |
| 24. | No. of Members | 16,390 | 16,393 |
| 25. | No. of loanee | 6160 | 6,599 |

***All the above information is based on the unaudited reports (monthly) of Poush and Falgun 2079 submitted by the MFI.***